# नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : नेपाल नागरिकता ऐन, २०६३ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम " नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधनः** नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्तिको त्यस्तो नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु अघि जन्मेको सन्तानले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।"

नेपाल कानून आयोग